# खाने अन्न थुपारिराख्ने हटाउनलाई बनेको ऐन २००८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बीरुदावली-विराजमानमानोन्नतओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्यान्डर इनचीफ श्रीमन् महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शम्शेर जङ्गदेवानाम् सदा समरविजयिनाम् —

देशमा परेको अन्नको कमी हटाउन अन्न जम्मा गरी थुप्राई राख्ने बन्द गर्न जरुरी देखिएकोले हामी श्री ५ महाराजाधिराजबाट आफ्नो मन्त्रिमण्डलको सल्लाहले यो कानून जारी गरिबक्सेको छ।

१ (१) यो कानूनलाई नेपाल खाद्यान्नसंचयनिवारण ऐन २००८ भनिने छ।

(२) यो ऐन तुरुन्तै लागू हुनेछ।

२ जसले आफूसँग वा आफ्नो अधीनमा खाने अन्न निजी आवश्यकता, आफ्नो परिवारको आवश्यकता, आफ्नो व्यवसाय, पेशा र खेतीवाल भए बीउको दरकार इत्यादिलाई चाहिनेभन्दा बढ्ता राखेको भए अन्न थुप्राई राखेको भनिनेछ।

३. त्यस्ता व्यक्ति जो सरोकारवाला बडाहाकिमका रायमा अन्न थुप्राई राखेका भनी ठहरिन्छ सांप्रदायिक परिपालनको निमित्त आवश्यकीय सामानप्रति प्रतिकूल काम गरेको भनी नेपाल जनसुरक्षाकानून दफा २ (१) (ख) बमोजिम थुनाईमा पर्नेछ।

४. कसैले अन्न थुप्राई राखेको हो भनी बडाहाकिमको चित्त बुझेमा उनको आदेशबमोजिम सो बढी अन्न खुला बजार भाउमा अथवा बडाहाकिमले किटिदिएका उचित भाउमा बडाहाकिमले तोकिएको मानिस अथवा मानिस हरुलाई बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिदिनेछ । माथि लेखिएको कार्रवाई बडाहाकिमले नेपाल जनसुरक्षा कानूनको अतिरिक्त अथवा बदलामा लिनेछन् ।

५. अन्न थुप्राई राखेको भनी मनासिव शंका लागेमा बडाहाकिमले उत्तरदायी मानिसद्वारा घरको खानतलासी लिन पाउने छन्, त्यस्तो तलासी लिंदा घरका मानिसहरुलाई नोटिश दिएर उनको इज्जत पर्दाको कदर राखी शिष्टता र भद्रतापूर्वक काम गर्नुपर्छ ।

६. दफा ५ बमोजिमको खानतलासी लिंदा कुनै मानिसले बाधा अथवा रोक टोक गरेमा ६ महीनासम्मको जेल सजाय अथवा रु. ५०० । सम्म जरिवाना अथवा दुवै सजाय पाउनेछ ।

७. (१) कुनै मानिसले दफा ४ बमोजिम थुप्राई राखेको बढ्ता अन्न बिक्री गराउन नमानेमा अथवा सो अन्नको बिक्रीमा बाधा अथवा रोक टोक गरेमा १ वर्षसम्मको जेल सजाय अथवा रु. ५०० । सम्म जरिवाना अथवा दुबै सजाय पाउनेछ ।

(२) बढ्ता थुप्राएको अन्न बिक्री गराउन नमानेमा बाधा अथवा रोक टोक गरेमा बडाहाकिमले सो बढी अन्न बलात्कार पक्रन र आफ्नो अडरअनुसार बिक्री गराउन पाउनेछ ।

बढी अन्न मालधनीलाई नै दिईनेछ ।

८. यो कानूनबमोजिमको अख्तियारको काम गर्दा बडाहाकिम अथवा उनले खटाएका प्रमाणित मानिसहरुउपर अदालतमा मुद्दा अथवा कार्रवाई चल्नै छैन ।

इति संवत् २००८ साल आषाढ गते रोज शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।